# बनेपा नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

## काभ्रेपलाञ्चोक, बागमती प्रदेश

### पार्किङ शुल्क संकलन गर्ने सम्बन्धी बोलपत्र आह्वानको सूचना

(दोस्रो पटक प्रकाशित मिति: २०८१।०७।२५)

बनेपा नगरपालिकाको वडा नं. ८ स्थित बसपार्क क्षेत्रमा पार्किङ हुने सवारी/ढुवानी साधन (मोटरसाइकल, स्कुटर, कार, जीप, भ्यान, बस, ट्रक आदि) को पार्किङ शुल्क बढीबढाउको माध्यमबाट उठाउने/संकलन गर्ने प्रयोजनका लागि नगर कार्यपालिकाको मिति २०८१।०५।२६ को निर्णय अनुसार आर्थिक वर्ष २०८१/८२ र २०८२/८३ को लागि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले तपसिल बमोजिमको शर्तहरुको अधिनमा रही ठेक्का लिन चाहने योग्य इच्छुक नेपाली नागरिक, फर्म, कम्पनी वा संस्थाले यो सूचना प्रकाशित भएको मितिले पन्ध्र दिन भित्र यस कार्यालयबाट दरभाउपत्र खरिद गरी सोह्रौं दिनको १२.०० बजेसम्म रीतपूर्वक शिलबन्दी बोलपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरु:**

१. बोलपत्र फारम बनेपा नगरपालिकाको राजस्व शाखाबाट रु.३,०००।- (तीन हजारमात्र) (पछि फिर्ता नहुने) भुक्तानी गरी प्राप्त गर्न सकिने छ ।

२. यो सूचना दोस्रो पटक प्रकाशित भएका मितिले पन्ध्रौं दिनको कार्यालय समय सम्ममा बोलपत्र फारम खरिद गर्न र सोह्रौं दिनको १२:०० बजे भित्रमा बनेपा नगर कार्यपालिकाको कार्यालयमा दर्ता गराउन सकिने छ ।

३. दर्ता भएका बोलपत्र फारमहरू यो सूचना दोस्रो पटक प्रकशित मितिले सोह्रौं दिनको १३:०० देखि १५:०० बजे भित्र नियमानुसार यस कार्यालयमा खोलिने छ । बोलपत्रदाताले नेपाली नागरिकताको प्रमाण पत्र, दर्तावाल संस्था/फर्मका हकमा संस्था/फर्म दर्ता तथा नवीकरणको प्रमाण पत्र, मू. अ. क. दर्ता प्रमाण पत्र, स्थायीलेखा नम्बर प्रमाण पत्र र २०७९।८० सम्मको कर चुक्ता प्रमाणपत्र पेश गरेको हुनुपर्नेछ ।

४. बोलपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने दिन विदा परेमा क्रमशः सो पश्चात कार्यालय खुल्ने पहिलो दिन हुनेछ ।

५. बोलपत्र खोल्ने समयमा बोलपत्र दाता वा निजको प्रतिनिधि अनुपस्थित रहे पनि कुनै बाधा पर्ने छैन ।

६. बोलपत्रदाताले आफुले कबोल गरेको वार्षिक रकम अंक र अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको अंकलाई मान्यता दिइने छ ।

७. बोलपत्र दाताले धरौटी बापत दुई वर्षको न्यूनतम कबोल अंकको पाँच प्रतिशतले हुन आउने रकम यस कार्यालयको नेपाल बैंक लि., बनेपा शाखामा रहेको धरौटी खाता नं. ०१५०३००००३००००००००१ मा नगद जम्मा गरेको सक्कलै भौचर वा बोलपत्र दर्ता गर्ने अन्तिम मितिबाट १२० दिन सम्म म्याद भएको नेपाल सरकारबाट मान्यता प्रास बैंकबाट यस कार्यालयको नाममा जारी भएको सोही रकम बराबरको बैंक जमानत पत्रको सक्कलै प्रति संलग्न गरेको हुनुपर्नेछ ।

८. स्वीकृत बोलपत्रदातालाई सम्झौताका लागि दिएको म्याद भित्र उपस्थित भई सम्झौता नगरेमा राखिएको धरौटी जफत हुनेछ । स्वीकृत बोलपत्रदाताले सम्झौताको लागि स्वीकृत अंकका दरले हुन आउने कुल रकममा नघट्ने गरी सम्झौता भएको मितिलेबाट २०८३ साल श्रावण १५ गते सम्म म्याद भएको बैंक जमानतपत्र सक्कलै पेश गर्नुपर्नेछ । तर स्वीकृत बोलपत्रदाताले कुल कबोल अंक अग्रीम रुपमा एकमुष्ट बुझाउन चाहेमा कबोल अंकको पाँच प्रतिशत रकम छुट दिइनेछ र अग्रीम दाखिला गर्दा यस कार्यालयको नामको नेपाल बैंक लिमिटेड, बनेपा शाखामा रहेको यस कार्यालयले उपलब्ध आम्दानी खातामा दाखिला गरेको बैंक भौचर सक्कलै सम्झौताका लागि उपस्थित हुँदा पेश गर्नुपर्नेछ ।

१०. ठेक्का सम्झौता भई कार्यदेश पाएको मितिबाट प्रारम्भ भई मिति २०८३ साल असार मसान्त सम्म कायम रहनेछ । यस बमोजिम बोलपत्र दाताले दुई वर्षको लागि कबोल गरेका अंकका आधारमा दामासाहीले हुन आउने रकम बुझाउनु पर्नेछ । ठेक्का बन्दोबस्त भए गरेका कारण प्रचलित कानून बमोजिम तिर्नुबुझाउनु पर्ने कर दस्तुर स्वीकृत बोलपत्रदाता ठेकेदारले बुझाउनु पर्नेछ ।

११. सरकारी कार्यालय, दातृ निकाय तथा कुटनैतिक नियोगका सवारी साधन, एम्बुलेन्स र शव बहानहरुमा पार्किङ शुल्क असुल गर्न पाइने छैन । साथै शुल्क असुल गर्ने प्रयोजनका लागि ढाट, तगारो वा डोरी जस्ता अवरोध प्रयोग गर्न पाइने छैन ।

१२. स्वीकृत दररेट भन्दा बढी शुल्क लगाई असुल गर्न पाइने छैन । साथै सम्झौताका कारण तिर्नु/बुझाउनु पर्ने कर दायित्व स्वीकृत बोलपत्रदाताले नै तिर्नु/बुझाउनु पर्नेछ ।

१३. स्वीकृत बोलपत्रदाता ठेकेदारले कुनै पनि किसिमको परिस्थिति देखाई ठेक्का रकम मिनाहाका लागि दिइने निवेदन यस कार्यालयलाई स्वीकार्य हुनेछैन ।

१४. तोकिए बमोजिमको शुल्क उठाउने दायित्व स्वीकृत बोलपत्रदाता ठेकेदारको हुनेछ । त्यसमा यस कार्यालयको कुनै जिम्मेवारी रहने छैन ।

१५. नेपाल सरकारबाट प्राप्त ठेक्का सम्बन्धी निर्देशन तथा समय समयमा यस कार्यालयबाट दिइने निर्देशन पालना गर्नु स्वीकृत बोलपत्रदाता ठेकेदारको दायित्व हुनेछ ।

१६. ठेक्का संझौताका विषयमा कुनै विवाद भएमा यस कार्यालयले गरेको निर्णय मान्य हुनेछ ।

१७. कुनै पनि बोलपत्र विनाकारण स्वीकृत वा अस्वीकृत गर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

१८. यो सूचना यस कार्यालयकको Website: www.banepamun.gov.np मा हेर्न सकिनेछ । साथै विस्तृत जानकारीका लागि राजस्व शाखामा सम्पर्क राख्न सकिनेछ ।

१९. अन्य विषय प्रचलित कानून बमोजिम हुनेछ ।

## ठेक्का सम्बन्धी विवरण

| क्र.सं. | ठेक्का नं. | कामको विवरण | न्यूनतम दुई वर्षको कबोल अंक(मु.अ.कर बाहेक) | धरौटी रकम न्यूनतम | कैफियत |
|---|---|---|---|---|---|
| १. | रा.३।२०८१।८२ | बनेपा नगरपालिका वडा नं. ८ स्थित बसपार्कमा पार्किङ्ग हुने सवारी साधनमा पार्किङ्ग शुल्क असुली गर्ने | रु.४२,००,०००।- (बयालिस लाख मात्र) | ५% | |

## पटके सवारी पार्किङ शुल्क दर

| सवारीको किसिम | दिवाकालीन | | रात्रीकालीन | |
|---|---|---|---|---|
| | प्रति घण्टा रु. | प्रति दिन रु. | प्रति घण्टा रु. | प्रति रात रु. |
| हेभि ईक्विपमेन्टस, बस, ट्रक, लहरी, मिनी बस | ५०।- | ३००।- | ४०।- | २००।- |
| कार, जिप, भ्यान, ट्याक्टर, | २५ ।- | १५०।- | १५।- | १००।- |
| मोटरसाईकल, स्कूटर, अटो रिक्सा, ई-रिक्सा | १० ।- | १००।- | १०।- | १००।- |
| माथि उल्लेखित बाहेक अन्य | १० ।- | १००।- | १०।- | १००।- |

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत